# साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नवीकरण ऐन, २०७६

प्रमाणिकरण मितिः२०७६/११/२१

प्रस्तावनाः स्थानीय स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा (२२६) को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी साँगुरीगढी गाउँपालिकाको छैठौं गाउँ सभाबाट यो ऐन जारी गरिएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम " साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नवीकरण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन साँगुरीगढी गाउँपालिकाको सरहद भित्र लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ ।

(ख) "गाउँपालिका" भन्नाले साँगुरीगढी गाउँपालिका सम्झनु पर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. दर्ता नगरी संस्था खोल्न नहुने : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. संस्थाको दर्ता : (१) संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना आदि ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) गाउँपालिकाको कार्यालयले संस्था दर्ता नगर्ने निर्णय गरेमा निवेदकलाई सूचना दिनु पर्नेछ । निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भए पछि गाउँ कार्यपालिकाले आवश्यक जाँचबुझ गरी दर्ता गर्न मनासिव ठहराएमा प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ । गाउँ कार्यपालिकाको आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. संगठित संस्था मानिने : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँ कार्यपालिकाले सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँ कार्यपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको सम्पति वा लिखत वा प्रतिष्ठा विरुद्ध अपराध वा विराम गरेमा संस्थाको सदस्य वा प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

७. दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने : (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानून बमोजिम दर्ता नगरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संस्था यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. संस्थाको उद्देश्यहरुमा हेरफेर : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष सभा बोलाउनु पर्नेछ ।

(२) विशेष सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ । तर प्रस्ताव लागू गर्न गाउँ कार्यपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. हिसाबको विवरण पठाउनु पर्ने : प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

१०. हिसाब जाँच गर्ने : (१) गाउँ कार्यपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको

जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने लागेमा गाउँपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. निर्देशन दिने : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय : (१) दफा (३) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाको कार्यालयले जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाको कार्यालयले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाको कार्यालयले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम गाउँपालिकाको कार्यालयको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा निर्देशन पालन नगरेमा गाउँपालिकाको कार्यालयले दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम भएको कारवाही उपर चित नबुझेमा सात दिन भित्र गाउँ कार्यपालिका समक्ष लिखित गुनासो पेश गर्न सक्नेछ ।

१३. पुनरावेदन : दफा (१२) बमोजिम गाउँ कार्यपालिकाले गरेको अन्तिम निर्णय उपर पैंतीस

दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. संस्थाको विघटन : संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

१५. अधिकार प्रत्यायोजन : यो ऐन वा यस ऐन अन्तरगत वनेको नियमावली बमोजिम गाउँ कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरका कर्मचारी वा वडाहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

१७. अन्य कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. खारेजी र बचाउ : (१) गाउँपालिका सरहद भित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई संचालनमा रहका स्थानीय संघ सस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐनमा भएका व्यवस्था संघीय कानून वा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।